# संवत् २०८० साल असोज ३ गते वसेको कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन | गाउँ कार्यपालिकाको मिति २०८०/०५/०८ गतेको बैठकका निर्णय कार्यान्वयन सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन स्वीकृत गर्ने। |
| २. | | अन्तर्राष्ट्रिय पर्यटन दिवस (सेप्टेम्बर २७) को अवसरमा यस गाउँपालिकाको "अपिहिमाल भ्रमण वर्ष, २०८०" को सुभारम्भ अपहिमाल वेशक्याम्पमा उदघाटन कार्यक्रम गरी सभ्य, भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्न सबै पदाधिकारीहरूले आ-आफ्नो तर्फबाट तोकिएको जिम्मेवारी त्रुटी रहित तरिकाले निर्वाह गर्ने । उदघाटन कार्यक्रममा सहभागी हुन आउने आमन्त्रित अथितिहरूको खान बस्न सहित उचित व्यवस्थापन गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने। |
| ३. | पूर्वाधार विकास/ योजना शाखा | चालु आर्थिक वर्ष २०८०/०८१ का लागि सुदूरपश्चिम प्रदेश सरकारबाट खानेपानी संरचना निर्माण शीर्षकमा प्राप्त विशेष अनुदानबाट यस गाउँपालिको वडा नं. ६ स्थित मज्जे खानेपानी तथा सरसफाई योजना कार्यान्वयन गर्ने र सो योजना निर्माणको प्रक्रिया अगाडि बढाउन गाउँपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृति दिने। |
| ४. | | चालु आर्थिक वर्ष २०८०/०८१ का लागि सुदूरपश्चिम प्रदेश सरकारबाट स्थानीय कला संस्कृति संग्रालय निर्माण शीर्षकमा प्राप्त विशेष अनुदानबाट यस गाउँपालिको वडा नं. ४ स्थित संग्रालय निर्माण योजना कार्यान्वयन गर्ने। |
| ५. | | चालु आर्थिक वर्ष २०८०/०८१ का लागि सुदूरपश्चिम प्रदेश सरकारबाट सिंचाई संरचना निर्माण शीर्षकमा प्राप्त सशर्त अनुदानबाट यस गाउँपालिको वडा नं. ३ स्थित मर्फुल बस्ती सिंचाई योजना र वडा नं. ५ स्थित पारी तिम्ला पाईप सिंचाई योजनाका कार्यान्वयन गर्ने। |
| ६. | | चालु आर्थिक वर्ष २०८०/०८१ का लागि सुदूरपश्चिम प्रदेश सरकारबाट लागत साझेदारीमा कोल्ड चेम्बर निर्माण शीर्षकमा प्राप्त सशर्त अनुदानबाट यस गाउँपालिको वडा नं. ४ को सल्लीधार स्थित गाउँपालिकाको कार्यालयसँगै रहेको रोष्टिक हाउस नजिक कोल्ड चेम्बर निर्माण गर्ने। |
| ७. | | चालु आर्थिक वर्ष २०८०/०८१ का लागि नेपाल सरकारबाट सशर्त अनुदान अन्तरगत झोलुङ्गे पुल निर्माण शीर्षकमा प्राप्त बजेटबाट वडा नं. ०६ मा पर्ने चौकिबगर र चौदाङ झोलुङ्गे पुल निर्माण योजना कार्यान्वयन गर्ने। |
| ८. | | यस गाउँपालिकाको कार्यालयको निर्माणाधिन प्रशासकीय भवन (ठेक्का नं. ANRM/NCB/09/077-078) को निर्माण कर्ता रविना/प्रशंसा एलबी एवी एण्ड जे.भि. धनगढी कैलालीले निर्माण कार्यको समयावधि (म्याद थप) सम्बन्धी परिमार्जित कार्यतालिका सहित निवेदन पेश गरेको हुँदा सो ठेक्काको म्याद २०८० साल चैत्र मसान्त सम्म म्याद थप गर्न गाउँपालिकाको कार्यालयलाई स्वीकृति दिने। |
| ९. | | यस गाउँपालिकाको कार्यालय र मातहतका वडा कार्यालय, आधारभूत अस्पताल तथा |

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | विद्यालयलाई दानमा दिइएको जग्गा सम्बन्धित कार्यालयको नाममा रजिष्ट्रेशन (राजिनामा) पास गर्नका लागि जिल्ला मालपोत तथा नापि कार्यालयलाई अनुरोध गर्ने । |
| १०. | रोजगार सेवा केन्द्र | चालु आर्थिक वर्ष २०८०/०८१ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सम्बन्धित वडा कार्यालयबाट छनौट भई आएका योजनाहरू कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रलाई निर्देशन तथा स्वीकृति दिने र अध्यक्ष रोजगार कार्यक्रम कार्यान्वयनका लागि चालु आर्थिक वर्षमा विनियोजन भएको बजेटबाट प्रति वडा तीन लाख पचास हजार मात्र (रू ३,५०,०००।-) का दरले बाडफाँड गरी प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ज्याला व्यहोर्ने र अध्यक्ष रोजगार कार्यक्रमबाट वाह्य सामग्री (निर्माण समाग्री) को व्यवस्थापन गर्ने गरी वडाबाट छनौट भएका योजनाहरूको कार्यान्वयन गर्ने रोजगार सेवा केन्द्रलाई निर्देशन दिने । |
| ११ | शिक्षा, यूवा तथा खेलकूद शाखा | यस गाउँपालिकाको वडा नं. ४ को खत्तोलीमा रहेको खत्तोली बालविकास केन्द्र संचालन गर्न अनुमती दिने र संचालनको प्रक्रिया अगाडि बढाउन शिक्षा, यूवा तथा खेलकूद शाखालाई स्वीकृती र निर्देशन दिने । |
| १२ | | चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार अन्तरपालिका T-20 अध्यक्ष कप क्रिकेट प्रतियोगिता मिति २०८०।०७।१० गते देखि संचालन गर्ने र सो प्रतियोगिताको आवश्यक तयारी तथा प्रतियोगितालाई सभ्य, भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्न शिक्षा, यूवा तथा खेलकूद शाखालाई निर्देशन तथा स्वीकृति दिने । |

इन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत